**कोरोना भाइरससम्बन्धी गण्डकी प्रदेशको अवस्था**
**कास्की । ०७७ वैशाख १३ गते**
नेपालकी पाँचौ र बागलुङ जिल्लाकी दोस्रो कोरोना सङ्क्रमित १९ वर्षीया युवती कोरोनामुक्त भएर वैशाख १२ गते राति अस्पतालबाट डिस्चार्ज हुनुभएको छ । यसका साथै प्रदेशमा कोरोना सङक्रमण भएका दुवै जना सङक्रमित निको भई घर फर्किसकेका छन् । हाल प्रदेशमा कुनै पनि नयाँ सङक्रमण देखिएको छैन । उनी डिस्चार्ज भएसँगै गण्डकी प्रदेश कोरोना सङ्क्रमण रहित भएको छ ।
वैशाख १३ गते सम्म प्रदेश भरी ४ हजार ९ सय २४ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको र सबैको अवस्था सामान्य रहेको गण्डकी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक डा. बिनोदविन्दु शर्माले जानकारी दिनुभयो ।

**इन्सेक बागलुङ जिल्ला प्रतिनिधि सृजना पन्त**का अनुसार बागलुङकी १९ वर्षीया कोरोना सङक्रमित युवतीको पाँचौ र छैठौं स्वाब परीक्षणको रिपोर्ट पनि नेगेटिभ आएपछि उनी अस्पतालबाट डिस्चार्ज हुनुभएको स्वास्थ्य कार्यालय बागलुङका प्रमुख सुरज गुरौंले जानकारी दिनुभयो । युवतीको पाँचौ रिपोर्ट नेगेटिभ आएपछि पुनः स्वाब परीक्षणका लागि वैशाख १२ गते पोखरा पठाइएको थियो । उनको छैठौ स्वाब परीक्षणको रिपोर्ट पनि नेगेटिभ आएपछि उनलाई वैशाख १२ गते राति नै डिस्चार्ज गरेको धौलागिरी अञ्चल अस्पतालका मेडिकल सुपरिटेण्डेण्ट डा. शैलेन्द्र बि पोखेलले बताउनुभयो ।
२८ दिनको अस्पताल बसाइपछि घर फर्कने क्रममा युवतीले आफूले कोरोनालाई जितेर घर हिँड्दा खुसीको सीमा नरहेको बताउनुभयो । उहाँले आत्मबलनै सबैभन्दा ठूलो भएको भन्दै धैर्य गर्न सबैलाई आग्रह गर्नुभयो । ‘सबैभन्दा ठूलो कुरा आत्मबल र धैर्यता रहेछ,’-उहाँले भन्नुभयो-‘कोरोनालाई जित्न रोग प्रतिरोधक क्षमता बढाउदै आत्मबल दरो बनाउदै लगे ।’ उनले औषधिनै पत्ता नलागेको रोगलाई जित्ने उपाय धैर्य गर्नु र आत्मबल बढाउदै लैजानुभएको भन्दै उपचारमा संलग्न डाक्टरहरूलाई धेरै धन्यवाद दिनुभयो ।
‘डाक्टरहरूको परामर्श र अभिभावकको सान्त्वनाका कारण अस्पतालमा बिताएका २८ दिन लामो लागेन’ -उहाँले अनुभव सुनाउनुभयो- ‘२८ दिनको अवधिमा एक दिन पनि आफूलाई कमजोर बनाइन, आत्मबल झनै बलियो बनाएर बसे ।’ अन्य कोरोना सङक्रमितहरूले पनि स्वास्थ्यको ख्याल गर्दै मनोबल बढाउदै लैजान सुझाव समेत दिनुभयो । आफूले आफैलाई कमजोर ठाने रोगले गलाउदै लाने भन्दै उहाँले सबैलाई रोगप्रति सचेत रहन आग्रह गर्नुभयो । उनले मानसिक रूपमा विचलित भएमा कमजोर हुने भन्दै सबैलाई सकारात्मक सोच्न आग्रह गर्नुभयो ।
छोरीलाई कोरोना सङक्रमित हुँदा जीवनमा सबैभन्दा बढी पीडा बोध भएपनि २८ दिनमा घर फर्काउन पाउँदा ज्यादै खुसी भएको युवतीका बुबाले बताउनुभयो ।
२८ दिनको अस्पताल बसाइमा कुनै समस्या नभएको भन्दै युवतीले उपचारमा खट्ने तथा सहयोग गर्ने सबैलाई धन्यवाद समेत दिनुभएको थियो । अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीले गरेको हेरचाह प्रति आफू आभारी भएको उहाँको भनाइ रहेको छ । अस्पताल बसाइमा युवतीले आफूलाई कहिलै कमजोर नठानेको उपचारमा संलग्न डा. शैलेन्द्र बि पोखरेलले बताउनुभयो । डिस्चार्ज भएपछि उनलाई नेपाल रेडक्रस सोसाइटीको एम्बुलेन्समा राखेर जिल्ला प्रहरी कार्यालयले घर पुर्‍याएको थियो ।
त्यसै गरी वैशाख १२ गते जिल्लामा चार जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ । उनीहरू सबैको रिपोर्ट नेगेटिभ आएको छ । योसँगै बागलुङमा हाल सम्म १ हजार १ सय २२ जनाको र्‍यापीड टेष्ट गरिएको छ ।

**इन्सेक कास्की जिल्ला प्रतिनिधि सुशन घिमिरेका** अनुसार कास्कीमा वैशाख १३ गते सम्म ७ सय ६१ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ भने एक जनाको स्वाब परीक्षणको लागि पठाइएको छ ।
वैशाख १३ गते मानवअधिकार अनुगमन समिति कास्कीको पहलमा पोखरा महानगरपालिका-९ को शिवटोल भित्रको सुकुम्वासी बस्तीमा ७६ परिवारले राहत पाएका छन् । वैशाख ११ गते समितिमा कोहीले दुई पटक र कोहीले एक पटक पनि राहत नपाएको भन्ने गुनासो आएपछि यस विषयमा वास्तविक राहत नपाएका र खान नपाएकाहरूको छानबिन भएको थियो । समितिले वैशाख १२ गते वडा नम्बर ९ का अध्यक्ष रामराज लामिछाने र सचिव लोकदर्शन कोइरालासँग गरेको छलफल पश्चात राहत प्रदान गर्ने प्रतिबद्धता व्यक्त अनुरूप राहत प्रदान गरिएको मानवअधिकार अनुगमन समिति कास्कीका संयोजक पदमराज पहारीले बताउनुभयो ।
मादी गाउँपालिका-५ मा लकडाउनको कारण अस्पतालसम्म पुग्न नपाएर औषधि सेवन गर्न नपाएका, असहाय, अशक्त र नियमित उपचारबाट वञ्चित करिब ५६ जना बिरामीलाई घरघरमा बिरामीको स्वास्थ्य चेकजाँच तथा निःशुल्क औषधि वितरण गरिएको जनप्रतिनिधि सरोज केसीले जानकारी दिनुभयो ।
त्यस्तै लेखनाथ उद्योग वाणिज्य सङघले पोखरा महानगरपालिका वडा नम्बर २६ देखि वडा नम्बर ३३ सम्मका अति विपन्न परिवारका लागि दैनिक रूपमा बिहान र बेलुकाको खाना खुवाउने कार्यक्रम जारी रहेको छ । वैशाख ९ गते देखि प्रत्येक दिन करिब १२ सय जनालाई बिहान र बेलुकाको खाना खुवाउँदै आएको सङ्घका अध्यक्ष बलराम ढकालले जनाकारी दिनुभयो । उहाँका अनुसार वडाको सिफारिस र स्थानीय टोल विकास संस्था तथा आमा समूहको सहयोगमा नामावली सङ्कलन गरी बिहान ९ बजे र बेलुका ६ बजे खाना तयार गरी वितरण गर्ने गरिएको छ ।

**इन्सेक गोरखा जिल्ला प्रतिनिधि हरिराम उप्रेती**का अनुसार शहिद लखन गाउँपालिका-६ स्थित हिमालय माविको सामूहिक क्वारेण्टाइनमा बसेका चार जनालाई घर पठाइएको छ । चितवन र काठमाडौबाट आएका उनीहरूले १४ दिन सामूहिक क्वारेन्टाइनमा बिताएका थिए । उनीहरूको ऱ्यापीड टेष्ट किटबाट कोरोना परीक्षण गरिएको र रिपोर्ट सामान्य आए पश्चात घर पठाइएको गाउँपालिका अध्यक्ष रमेश थापाले बताउनुभयो । उनीहरूलाई थप सात दिन होम क्वारेण्टाइनमा सुरक्षित साथ बस्न भनिएको थापाले बताउनुभयो ।
त्यस्तै गोरखाको मनास्लु संरक्षण क्षेत्रको भ्रमणमा आएका तीन पर्यटकको उद्धार गरिएको छ । लकडाउन पूर्व मनास्लु क्षेत्र आएका तीन जना जापानी नागरिकलाई इ-पासको व्यवस्था गरेर वैशाख १३ गते काठमाडौ पठाइएको गाउँपालिकाका अध्यक्ष सन्तोष गुरुङले बताउनुभएको छ ।

**इन्सेक नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्ला प्रतिनिधि तिर्थराज डुम्रे**का अनुसार वैशाख १३ गते थप दुई जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट भएको छ । योसँगै जिल्लामा हालसम्म ८ सय ३५ जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ भने सबैको रिपोर्ट सामान्य देखिएको जिल्ला स्वास्थ्य कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रमुख केशवप्रसाद चापागाईंले बताउनुभयो ।
उहाँका अनुसार वैशाख १३ गते देवचुली नगरपालिका र गैंडाकोट नगरपालिकामा एकएक जना गरी जम्मा दुई जनाको ऱ्यापीड डाइगनोष्टिक टेष्ट भएको छ । जिल्लामा हाल सम्म ४७ जनाको स्वाब परीक्षण गरिएको छ र सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

यसै बीच काठमाडौंमा रहेका मध्यबिन्दु नगरपालिकाका ८२ जना स्थानीयलाई नगरपालिकाले वैशाख १३ गते बिहान घर ल्याएको छ । काठमाडौंबाट ल्याइएको उनीहरूको ज्वँरो परीक्षण गरिएको छ भने उनीहरूलाई सेल्फ क्वारेण्टाइनमा बस्ने गरी घर ल्याइएको नगर प्रमुख चन्द्रबहादुर रानाले बताउनुभयो ।

**इन्सेक पर्वत जिल्ला प्रतिनिधि सन्तोष थापा**का अनुसार बाहिरी जिल्लामा रहेका जिल्लावासीहरूलाई विभिन्न राजनीतिक दलमा आबद्ध नेताहरू तथा काठमाण्डौ पर्वत सम्पर्क समितिले प्रतिष्ठा नै सम्भिmएर जिल्ला भित्राउन थालेपछि  पर्वतमा  त्रास बढेको छ ।
जिल्ला प्रशासन कार्यालय पर्वतले वैशाख ११ गते विज्ञप्ति जारी गरी एक स्थानीयतहबाट अर्को स्थानीयतहमा जान समेत रोक लगाए पनि उक्त निर्णयको अवज्ञा गर्दै काठमाण्डौ लगायतका स्थानबाट मानिस फर्किने क्रम बढेपछि  त्रास झनै बढेको हो । ‘मैले सबै स्थानीयतहका प्रमुख र सांसदलाई समेत बाहिरी जिल्लाबाट मान्छे भित्रिन नदिन सहयोगको आग्रह गरेकी छु ।’-प्रमुख जिल्ला अधिकारी कल्पना घिमिरे नेपालले भन्नुभयो - ‘तर मान्छे भित्राउने कुरामा मलाई केही जानकारी छैन । ’ उहाँले बाह्य जिल्लाबाट भित्रिने क्रम रोकिएन भने नियन्त्रणमा बाधा हुने बताउनुभयो ।
जिल्ला अस्पताल पर्वतका डाक्टर विष्णु भण्डारीले अन्यत्रबाट मान्छे भित्रिने क्रम नरोकिए जिल्लाको अवस्था पुनः चैत १ गते नै फर्किने गुनासो गर्नुभयो । उहाँले काठमाण्डौ लगायतका स्थानबाट जिल्ला भित्रिने व्यक्तिहरू सामान्य बिरामी परेपनि अस्पतालबाट सेवा दिन नसकिने बताउनुभयो । उहाँले कोहि बिरामी परेमा फोनबाटै डाक्टरको सल्लाह लिन सुझाव समेत दिनुभयो ।

**इन्सेक तनहुँ जिल्ला प्रतिनिधि प्रकाशचन्द्र भट्टराई**का अनुसार तनहुँमा वैशाख १३ गते सम्म १० ओटै स्थानीयतहमा कुल ५ सय ७५ जनाको आरडीटी किटबाट कोरोना परीक्षण गरिएको छ । कोरोना परिक्षण गर्नेमा ५ सय २ पुरूष र ७३ जना महिला रहेका छन् ।
स्वास्थ्य कार्यालय तनहुँका प्रमुख शंकरबाबु अधिकारीका अनुसार अहिलेसम्म परीक्षण गरिएका मध्ये सबैको रिपोर्ट नेगेटिभ आएको छ । तनहुँमा बिदेशबाट आउने सबै व्यक्तिको परीक्षण गरिने स्वास्थ्य कार्यालयका प्रमुख अधिकारीले बताउनुभयो । उहाँले अहिलेसम्म १८ जनाको स्वाब परीक्षण गरिएको र सबैको रिपोर्ट नेगेटिभ आएको बताउनुभयो ।
तनहुँमा वैशाख १३ गते १० भारतीय नागरिक सहित २५ जनालाई क्वारेण्टाइनमा राखिएको छ । जिल्लाको भानु नगरपालिकाका ११ जना, बन्दिपुर नगरपालिकाका चार जना र व्यास नगरपालिकामा वैशाख १२ गते भारतबाट आएका १० जनालाई क्वारेण्टाइनमा राखिएपछि क्वारेण्टाइनमा बस्नेको सङ्ख्या २५ पुगेको छ ।
तनहुँमा २५ स्थानमा १ सय ८१ शैयाको क्वारेण्टाइन र ४२ शैयाको आइसोलेशन कक्ष स्थापना गरिएको छ । जिल्ला प्रशासन कार्यालय तनहुँले वैशाख ११ गते लकडाउनको अवधिमा अन्य जिल्लाबाट तनहुँ जिल्लामा प्रवेश गरेका सबै व्यक्तिहरूलाई सम्बन्धित स्थानीयतहले नै पहिचान गरी अनिवार्य १४ दिन क्वारेण्टाइनमा राख्न अनुरोध गरेको थियो ।

**इन्सेक म्याग्दी जिल्ला प्रतिनिधि अमृतप्रसाद पौडेल**का अनुसार म्याग्दीमा वैशाख १३ गते सम्म १५ जनाको स्वाब परीक्षण गरिएको छ भने १ सय ५४ जनाको र्‍यापीड टेष्ट गरिएको छ । परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको छ ।

हाल म्याग्दी जिल्लाको पाचँ ओटा स्थानीयतह गरी ६२ जनालाई क्वारेण्टाइनमा राखिएको छ । बेनी नगरपालिकामा ११ जना, मङगला गाउँपालिकामा २३ जना, धौलागिरी गाउँपालिकामा १६ जना, रघुगङगा गाउँपालिकामा ११ जना र अन्नपूर्ण गाउँपालिकामा एक जनालाई क्वारेण्टाइनमा राखिएको जिल्ला सुरक्षा समितिका अध्यक्ष एवंम प्रमुख जिल्ला अधिकारी ज्ञाननाथ ढकालले बताउनुभयो ।
उहाँका अनुसार अर्को स्थानीयतहबाट आएका एवंम जिल्ला बाहिरबाट आएका सबैलाई अनिवार्य १४ दिन क्वारेण्टाइनमा राखेर स्वास्थ्य जाँच गरेर मात्रै स्थानीयतहले घरमा पठाउने गरेका छन् ।
अन्य जिल्लाबाट म्याग्दी प्रवेशलाई पूर्ण कडाइ गरिएको र आइहालेको खण्डमा १४ दिन क्वारेण्टाइनमा बस्नै पर्ने सुरक्षा समितिले निर्णय गरेको छ । सोही निर्णय बमोजिम अहिले जिल्लाका पाचँ स्थानीयतहमा ६२ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।
हिउँदको जाँडो छल्न र व्यापार गर्न बेँसी झरेका हिमालपारीको जिल्ला मुस्ताङ्का बासिन्दाहरू कोरोना भाइरस सङक्रमणको जोखिमका कारण आफ्नो जिल्लामा प्रवेश गर्न पाएका छैनन् ।
व्यापारको लागि बेँसी झरेका १ हजार ४ सय ४८ भन्दा धेरै मुस्ताङ्गीहरू जिल्ला फर्कन नसकेको मुस्ताङका प्रमुख जिल्ला अधिकरी बेदप्रसाद अर्यालले बताउनुभयो । प्रजिअ अर्यालका अनुसार लोमन्थाङ गाउँपालिकाका ४ सय १४, लो घेकर दामोदरकुण्ड गाउँपालिका २ सय ५०, बाह्रगुङ मुक्तीक्षेत्र गाउँपालिकाका ४ सय ८४, घरपझोङ गाउँपालिकाका १ सय ५० र थासाङ गाउँपालिकाका १ सय ५० जना नागरिकहरू जिल्ला प्रवेश गर्न सकेका छैनन् ।
बाहिरबाट आउँदा कोरोनाको सङक्रमण लिएर आउन सक्ने भन्दै स्थानीय बासिन्दाको सक्रियतामा अरू जिल्लाबाट कसैलाई पनि प्रवेश गर्न नदिइएको कारण आफ्नो जिल्लाका पनि घर आउनका लागि ढुक्क भएर आउन नसकेको प्रजिअ अर्यालले बताउनुभयो ।
त्यस्तै वैशाख ११ गते बिहान काठमाडौबाट ३५ जना यात्रु लिएर आएको बसलाई मुस्ताङको प्रवेशद्वार मानिने घाँसाबाट स्थानीय वासिन्दाले यात्रु सहित फिर्ता पठाइदिएका छन् । मुस्ताङको पाण्डाखोला हुँदै पैदल डोल्पा जानका लागि आएका ती यात्रुलाई गाडीसँगै फिर्ता पठाइएको हो ।
कोरोना सङक्रमणको रोकथामका लागि उच्च सतर्कता अपनाएको मुस्ताङमा ९०  क्वारेण्टाइन बेड बनाइएको छ भने १० आइसोलेशन बेड तयार गरिएको छ । हाल सम्म ३४ जनाको र्‍यापीड टेष्ट गरिएको मुस्ताङमा कसैको पनि स्वाब परीक्षण गर्नुपरेको छैन । कुनै पनि प्रकारका सवारी साधन तथा नागरिकलाई जिल्ला भित्र प्रवेश गर्न र बाहिर जानका लागि बेलुका ६ देखि बिहान ६ बजे सम्म स्थानियतहले पूर्ण प्रतिबन्ध लगाएका छन् ।

**इन्सेक लमजुङ जिल्ला प्रतिनिधि दलबहादुर मजाकोटी**का अनुसार वैशाख १३ गते जिल्लाका विभिन्न स्थानमा रहेका फिभर क्लिनिकबाट २० जनाले सेवा लिएका छन् । मध्यनेपाल नगरपालिकाको क्वारेण्टाइनमा थप तीन जना, राइनस नगरपालिकाको क्वारेण्टाइनमा थप दुई जना र बेसिशहर नगरपालिकाको क्वारेण्टाइनमा थप दुई जनालाई राखिएको छ । यसका साथै अहिले क्वारेण्टाइनमा बस्नेको सङख्या ७८ रहेको छ  । वैशाख १३ गते जिल्लामा ३३ जनाको र्‍यापीड डाइगनोष्टिक टेष्ट किटबाट कोरोना परीक्षण गरिएको छ ।
**इन्सेक गण्डकी प्रदेश कार्यालय, पोखरा**